अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्वन्धित)

**श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह**

**शान्तिनगर गाउँपालिका, वडा नं.-६, सुन्डवरी, दाङ**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८३/०६/२१**

श्री चौतारी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित शान्तिनगर गाउँपालिका वडा नं.-६, सुन्डवरी, दाङमा घाट्गद्दी गरिएको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।वन नियमावली २०७९ को नियम १२८ (१)वमोजिम सुचिकृत ईच्छुक फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०६/२१ गते दोस्रो पटक प्रकाशित भएको मितिले २१ औं दिन दिनको कार्यालय समय भित्र यस चौतारी सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं.-६, सुन्डवरी, दाङ वा डिभिजन वन कार्यालय दाङ (दाङ), घोराही दाङमा बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० वजे भित्र सिलवन्दी वोलपत्र श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं.-६, सुन्डबरी दाङमा दाखिला गर्न आयकर, मु.अ.कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र भएको काठ सम्बन्धी कारोवार गर्ने वन नियमावली- २०७९ को नियम १२८ वमोजिम सुचिकृत फर्म वा संस्थालाई आह्वान गरिएको छ । यस सम्वन्धी विस्तृत जानकारीको लागी कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

१.वन पैदावारको विवरण

| लट नं. | वनपैदावारको जात | किसिम | ग्रेड | थान | परिमाण क्यू.फि. | न्युनतम दररेट | मुल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न्युनतम मुल्य रू. | संकलन खर्च रू. | |
| १ | सिसौ (वृक्षारोपण) | गोलिया | ए | २७ | २२९.९१ | ७०० | १६०९३७ | ४४८३२.४५ | |
| | सिसौ (वृक्षारोपण) | गोलिया | बि | १०९ | ३५७.८३ | ५०० | १७८९१५ | ६९७७६.८५ | |
| | लट नं. १ काठको कुल जम्मा | | | १३६ | ५८७.७४ | | ३३९८५२ | ११४६०९.३० | |
| गोलिया काठको संकलन खर्च प्रति क्यू.फि. रू १९५।- | | | | | | | | | |

२. वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३/०७/१० गते ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३/०७/११ (ख) समय १२.०० बजे सम्म ।

४. वोलपत्र साथ कवुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य वैंक तुलसिपुर, शाखामा रहेको यस समूहको खाता नं. ४१६०१०००२०१४९०१० मा नगद जम्मा गरेको सक्कल भौचर वा वैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. वोलपत्र फारम न्यूनतम मूल्य दश (१०) लाख भन्दा कम भएको खण्डमा प्रति लटको रु. १०००।- र दश (१०) लाख भन्दा वढी भएको खण्डमा प्रति लटको रु. २०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६. लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस चौतारी सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गा.पा.-६, सुन्डवरी दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

निमप्रसाद पौडेल

**अध्यक्ष**

CamScanner